फोन नं. ०७८-५४०१७०, ५४०४१५

कावासोती नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश,नेपाल

**जीर्ण भवन भत्काउने र भत्केको भवनको कवाडी(Scrap) सामान लिलाम बढाबढमा लिने तथा भवन भएको स्थलको सरसफाई (site clearance) गर्ने समेतको सुचनाः**

दोस्रो पटक प्रकाशित मितिः २०७६/३/८

यस कार्यालयको परिसरमा रहेको साविक शिवमन्दिर गा.वि.स. को कार्यालयको सभाहल भवन भत्काई भत्केको सामान लिलाम बढाबढको न्यूनतम रकम अङ्क समेत नगर कार्यपालिका बैठकबाट स्वीकृत भएकोले सोका आधारमा निम्न शर्तहरुको आधारमा लिलाम बढाबढको बोलपत्र आव्हान सम्बन्धी १५ दिने सुचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. बोलपत्र फारम खरिद गर्ने मिति सुचना प्रकाशन भएको ७ औ दिनको कार्यालय समय भित्र हुनेछ। शिलबन्दी बोलपत्र पेश गर्ने मिति सुचना प्रकाशित भएको मितिले ८ औ दिनको १२ बजेसम्म हुनेछ। सो दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन वोलपत्र बुझाउने म्याद विहान १२ बजे सम्म हुनेछ र १ बजे लिलाम बढाबढ बोलपत्र खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधि को उपस्थितिमा बोलपत्र खोलिने छ। निजहरुको उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फारम कार्यालय समयमा राजस्व शाखाबाट रु ३००।०० (तीन सय रुपैया) को रसिद काटी खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्ने व्यक्ति/संस्था/कम्पनी/फर्मले मात्र बोलपत्र पेश गर्न पाउने छ।

२. बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था/कम्पनी/फर्म भए प्रचलित कानुन बमोजिम दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको नविकरण, आयकर तिरेको प्रमाणपत्र साथ पेश गर्नु पर्ने छ।

३. लिलाम बढाबढमा बढि रकम कवोल गर्ने बोलपत्रदाता छनोट गरिने छ। बोलकवोल अंकमा भ्याट रकम जोडी सम्झौता गरिनेछ।

४. बोलपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको रा. बा. बैक कावासोती शाखाको ३२००३०३००७१०२ खाता नं. मा जम्मा गरेको सक्कल बैक भौचर सहित शिलबन्दी लिलाम बढाबढ बोलपत्र पेश गर्नु पर्नेछ। म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

६. जीर्ण भवन हेर्न चाहनेले यस कार्यालयमा सम्पर्क राखी हेर्न बुझ्न सक्नु हुनेछ। बोलपत्र स्वीकृत भएपछि नियमानुसार कार्यदेश पाईसके पछि भवन भत्काउन पाईने छ। भवन भत्काउनु अघि कबोल गरेको सम्पुर्ण रकम र यसमा जोडिने भ्याट समेत भुक्तानी गरि सकेपछि मात्र भवन भत्काउन पाईने छ। भवन भत्काउने काम शुरु गर्न बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र बोलपत्रदाता नआएमा बोलपत्रदाताले राखेको ५ प्रतिशत अग्रिम धरौती जफत गरि नियमानुसार प्रक्रिया अगाडी बढाइने छ।

७. रित नपुगेको र शर्त राखी आएको लिलाम बढाबढ बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सहि गरेको हुनु पर्नेछ। बीना धरौटी, कम धरौटीका बोलपत्रको मान्यता हुने छैन।

९. यस सुचनामा उल्लेखित बाहेकका कुराहरु प्रचलित कानुन बमोजीम हुनुपर्नेछ। बोलपत्र सम्बन्धिजानकारी लिन चाहेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिने छ।

| कामको विवरण | न्यूनतम बोल रकम | कार्यालय |
|---|---|---|
| भवन भत्काउने र कवाडी सामान लिलाम बढाबढमा लिने तथा site clearance समेत | रु ४४४४६.४५ | कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कावासोती नवलपरासी(ब.सु.पु.) |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत